राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक ८५ २०८३ असोज २७ गते मंगलवार (13 Oct. 2026) पृष्ठ ४ मूल्य रु. ३।-

## नवरात्र दोस्रो दिन : आज ब्रह्मचारिणी देवीको विशेष पूजा आराधना

दैनिक समाचारदाता



जनकपुरधाम, २६ असोज । नवरात्रको तेस्रो दिन चन्द्रघण्टा स्वरूप नवदुर्गा भवानीको आराधना गरिन्छ । देवी दुर्गा, आफ्नो तृतीय स्वरूपमा चन्द्रघण्टा नामले विख्यात हुनुहुन्छ ।

उहाँको मस्तकमा घण्टीको आकर जस्तै अर्धचन्द्र धारण गरेकी हुनाले चन्द्रघण्टा नाम रहन गएको हो । उहाँको शारीरिक वर्ण स्वर्णको जस्तै छ, दस बाहुले युक्त देवी चन्द्रघण्टा त्रिशूल, गदा, तरवार, कमण्डलु, धनुष, बाण, कमल पुष्प, अक्षर माला धारण गरेकी साथै वरद तथा अभय मुद्रा प्रदर्शित गरेकी देवीको चन्द्रघण्टाको वाहन बाघ हो ।

## अभिराम शर्माको निलम्बन फुकुवा



दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज । कर्तव्य ज्यान मुद्दामा निलम्बनमा रहेका मधेश प्रदेशसभा सदस्य अभिराम शर्माको निलम्बन फुकुवा भएको छ ।

मधेश प्रदेशसभा सचिवालयले सोमबार सूचना जारी गर्दै शर्माको निलम्बन फुकुवा गरिएको जनाएको हो ।

प्रदेशसभा सचिवालयका सचिव बासुप्रसाद कोइरालाद्वारा जारी सूचनाअनुसार, २०८३ साल असोज २६ गतेदेखि लागू हुने गरी सभामुख रामअशिष यादवले शर्माको निलम्बन फुकुवा गरेका छन् ।

नेपाल सरकार वादी र अभिराम शर्मासमेत प्रतिवादी रहेको कर्तव्य ज्यान मुद्दामा सर्वोच्च अदालतले शर्मालाई २०८३ साल मंसिर २३ गतेको साधारण तारेख दिएको सूचनामा उल्लेख छ । सर्वोच्च अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को उपदफा (२) बमोजिम प्राप्त सुविधाका आधारमा शर्माले पुनरावेदन पत्र दर्ता गराएका थिए । सोही पुनरावेदनका क्रममा सर्वोच्च अदालतबाट साधारण तारेख तोकिएको विषयलाई आधार मानी मधेश प्रदेशसभा नियमावली, २०८२ को नियम २१९ को उपनियम (५) बमोजिम शर्माको निलम्बन फुकुवा गरिएको प्रदेशसभा सचिवालयले जनाएको छ ।

प्रदेशसभा सचिवालयले सोमबार जारी गरेको सूचनामार्फत निलम्बन फुकुवाबारे जानकारी गराएको हो ।

# सोनामाईमा भूत मेला सुरु, पाँच लाख भक्तजन आउने अनुमान

### घटस्थापनासँगै शक्तिपीठमा दर्शनार्थीको घुइँचो, दसैँको चौथीदेखि अष्टमीसम्म विशेष मेला

दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज । बडादसैँको घटस्थापनासँगै महोत्तरीको औरही नगरपालिका( ७, भोइलस्थित प्रसिद्ध सोनामाई शक्तिपीठमा परम्परागत भूत मेला सुरु भएको छ । मेला सुरु भएसँगै शक्तिपीठमा दर्शनार्थी तथा स्थानीय भाषामा 'कारनी' भनिने पीडितको भीड लाग्न थालेको छ ।

सोनामाई पूजा समितिले यस वर्ष मेला अवधिमा पाँच लाखभन्दा बढी भक्तजन सहभागी हुने अनुमान गरेको छ । यहाँ घटस्थापनादेखि विजयादशमीसम्म विशेष पूजाआजा र धार्मिक अनुष्ठान सञ्चालन हुने भए पनि दसैँको चौथीदेखि अष्टमीसम्म भूत मेलामा विशेष चहलपहल हुने गर्छ ।

मन्दिरका पुजारी केदार झाका अनुसार हरेक वर्षझैँ यस




वर्ष पनि दर्शनार्थी तथा कारनी आउने क्रम सुरु भएको छ । स्थानीय जनविश्वासअनुसार भूतप्रेत, बोक्साबोक्सी तथा दुष्ट आत्माको प्रभावबाट पीडित भएको ठानिएका व्यक्तिहरू देवीको दर्शन र पूजाआराधनाबाट मुक्ति पाउने आशासहित यहाँ आउने गर्छन् ।

अर्का पुजारी रमेश झाका अनुसार मन्दिर परिसरमा पुगेपछि कारनी भनिने केही व्यक्तिले कराउने, रुने, हाँस्ने तथा लड्नेजस्ता व्यवहार देखाउँदै देवीको दरबारसम्म पुग्ने गर्छन् । देवीको दर्शन र पूजापछि निको भएर घर फर्किने जनविश्वास रहेको उनले बताए ।

सोनामाई शक्तिपीठमा महोत्तरीसहित सर्लाही, धनुषा, सिरहा, रौतहट, मकवानपुर, सुनसरी, मोरङ र काठमाडौँलगायत जिल्लाबाट भक्तजन आउने गरेका छन् । छिमेकी भारतको सीतामढी, मधुवनी र पटनाबाट समेत दर्शनार्थी आउने गरेको पुजारीहरूले बताएका छन् । मेला अवधिमा भक्तजनको सुरक्षा तथा रातिको बासका लागि आवश्यक व्यवस्था मिलाइएको मेला समितिले जनाएको छ ।

स्थानीय जनश्रुतिअनुसार करिब पाँच सय वर्ष पुरानो इतिहास बोकेको सोनामाई शक्तिपीठ मिथिला क्षेत्रको प्रसिद्ध धार्मिकस्थल हो । यहाँ घटस्थापनाका दिन कलश स्थापना गरी नवरात्र पूजा सुरु गरिन्छ । सप्तमीमा फूलपाती भित्र्याउने, अष्टमीमा बोकाको र नवमीमा राँगाको बलि दिने परम्परा छ ।

जलेश्वरदेखि करिब २३ किलोमिटर उत्तर र बर्दिबासदेखि करिब १७ किलोमिटर दक्षिणमा

बाँकी पृष्ठ ४मा

# ध्वनि प्रदूषण गर्ने २४ मोटरसाइकल नियन्त्रणमा

### चाडपर्व लक्षित सुरक्षा अभियानअन्तर्गत धनुषा प्रहरीको कारबाही, ट्राफिक नियम उल्लङ्घन गर्नेमाथि निगरानी तीव्र

दैनिक समाचारदाता

जनकपुरधाम, २६ असोज । चाडपर्वलाई लक्षित गरी सञ्चालन गरिएको सुरक्षा अभियानअन्तर्गत धनुषा प्रहरीले ध्वनि प्रदूषण गर्ने तथा ट्राफिक नियम उल्लङ्घन गरी चलाइएका २४ वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार दुर्घटना न्यूनीकरण र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने उद्देश्यले जनकपुरधाम उपमहा नगरपालिकाका विभिन्न स्थानमा गरिएको निगरानीका क्रममा ती मोटरसाइकल नियन्त्रणमा लिइएका हुन् ।

प्रहरीले ठूलो आवाज निकाल्ने, तीव्र गतिमा जिगज्याग



शैलीमा मोटरसाइकल चलाउने, मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने तथा स्वरूप परिवर्तन गरी सञ्चालन गरिएका मोटरसाइकलमाथि कारबाही अघि बढाएको जनाएको छ ।

नियन्त्रणमा लिइएका मोटरसाइकलमध्ये केहीमा नम्बर प्लेट नरहेको र एउटामा परीक्षण नम्बर प्लेट प्रयोग गरिएको पाइएको प्रहरीले जनाएको छ । ती सबै मोटरसाइकलमाथि आवश्यक कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जानकारी दिएको छ ।

चाडपर्वका बेला सडकमा सवारीसाधनको चाप बढ्ने तथा

बाँकी पृष्ठ ४मा

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सत्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# सजावट होइन, दिगो पर्यटन

मिथिलाको सांस्कृतिक वैभव, धार्मिक आस्था र ऐतिहासिक गौरवको प्रतीक हो जनकपुरधाम। माता सीता र भगवान् रामको पावन गाथासँग जोडिएको यस नगरीको पहिचान मठमन्दिरमा मात्र सीमित छैन; यहाँको लोकसंस्कृति, परम्परा, पर्व र सामाजिक सद्भावले पनि यसको विशिष्टता झल्काउँछन्। वडा दसैं, दीपावली, छठ, रामनवमी, जानकी नवमी र मिथिला मध्यमा परिक्रमाजस्ता पर्वले जनकपुरधामलाई धार्मिक तथा सांस्कृतिक गन्तव्यका रूपमा स्थापित गरेका छन्। दसैँका बेला प्रस्तुत गरिने झिझिया नृत्य र विवाहपञ्चमीमा मठमन्दिरको भव्य सजावटले यहाँको मौलिक संस्कृति र उत्सवी रौनकलाई थप जीवन्त बनाउँछन्।

तर, पर्वको भव्यता र धार्मिक पर्यटनबाट प्राप्त हुन सक्ने आर्थिक लाभबीच अझै ठूलो दूरी छ। हजारौं श्रद्धालु तथा पर्यटक जनकपुरधाम आउँछन्, दर्शन गर्छन् र फर्किन्छन्। उनीहरूको बसाइ लम्ब्याउने, स्थानीय उत्पादनको बजार विस्तार गर्ने र रोजगारी सिर्जना गर्ने पर्याप्त वातावरण निर्माण हुन सकेको छैन। धार्मिक आस्थालाई स्थानीय अर्थतन्त्रसँग जोड्न नसक्नु जनकपुरधामको पर्यटन विकासको प्रमुख चुनौती हो।

हरेक वर्ष धार्मिक उत्सवका बेला युवा क्लब, व्यापारी, उद्योगी र सर्वसाधारणले चन्दा तथा स्वैच्छिक सहयोग जुटाएर मठमन्दिरको सजावट, स्वागतद्वार, बत्ती र अन्य व्यवस्थापनमा महत्त्वपूर्ण योगदान दिँदै आएका छन्। उनीहरूको सक्रियता प्रशंसनीय छ। तर, प्रत्येक वर्ष अस्थायी संरचना र सजावटमा ठूलो रकम खर्च भइरहँदा त्यसले दीर्घकालीन रूपमा पर्यटन विकासमा कति योगदान पुऱ्याएको छ भन्ने समीक्षा आवश्यक छ। उत्सवको रौनक केही दिनमै सकिन्छ, तर त्यसमा खर्च भएको रकमले सहरको स्थायी विकासमा पनि योगदान दिन सक्नुपर्छ।

त्यसैले उत्सवको भव्यतालाई निरन्तरता दिँदै सजावटमा खर्च हुने रकमको केही हिस्सा स्थायी पर्यटन पूर्वाधार निर्माणमा लगानी गर्नुपर्छ। मठमन्दिर तथा ऐतिहासिक सम्पदाको संरक्षण, सरसफाइ, सार्वजनिक शौचालय, खानेपानी, यातायात व्यवस्थापन, पर्यटक सूचना केन्द्र र व्यवस्थित आवासजस्ता आधारभूत सुविधालाई प्राथमिकता दिनुपर्छ। धार्मिक स्थलसम्म सहज पहुँच, स्पष्ट सूचना र स्वच्छ वातावरण सुनिश्चित गर्नु पनि पर्यटन प्रवर्द्धनकै महत्त्वपूर्ण पक्ष हुन्।

जनकपुरधामको धार्मिक तथा सांस्कृतिक महत्त्वअनुसार पर्यटन विकास गर्न एकीकृत गुरुयोजना आवश्यक छ। प्रमुख मठमन्दिर, पोखरी र ऐतिहासिक सम्पदाको अभिलेखीकरण तथा संरक्षण गर्दै अन्य सांस्कृतिक स्थललाई पर्यटकीय मार्गसँग जोड्नुपर्छ। तीनै तहका सरकारबीच समन्वय गरी योजनाबद्ध बजेट विनियोजन, प्रभावकारी कार्यान्वयन र सार्वजनिक समीक्षा गर्ने व्यवस्था स्थापित गर्नुपर्छ। यस कार्यमा स्थानीय नागरिक समाज, युवा, व्यवसायी, बुद्धिजीवी र राजनीतिक दलको पनि सक्रिय सहभागिता आवश्यक छ।

धार्मिक पर्यटनलाई आर्थिक समृद्धिको आधार बनाउन मिथिला चित्रकला, हस्तकला, मैथिली सांस्कृतिक प्रस्तुति, परम्परागत खानपान र स्थानीय उत्पादनको प्रवर्द्धन गर्न सकिन्छ। पर्यटकलाई स्थानीय संस्कृति र जीवनशैलीसँग परिचित गराउन सके उनीहरूको बसाइ लम्बिनेछ। यसबाट होटल, यातायात, व्यापार, हस्तकला तथा साना व्यवसायमा रोजगारी र आम्दानीका अवसर बढ्नेछन्।

जनकपुरधामको वास्तविक समृद्धि पर्वका बेला देखिने झिलिमिलीमा मात्र होइन, संरक्षित सम्पदा, जीवन्त संस्कृति, व्यवस्थित पर्यटन र स्थानीय नागरिकको आर्थिक उन्नतिमा प्रतिबिम्बित हुनुपर्छ। आस्थालाई सम्मान गर्दै संस्कृतिको संरक्षण र पर्यटनलाई उत्पादन तथा रोजगारीसँग जोड्न सके जनकपुरधाम राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको आकर्षक सांस्कृतिक पर्यटकीय गन्तव्य बन्न सक्छ। त्यसका लागि अब क्षणिक सजावटमा मात्र केन्द्रित हुने प्रवृत्तिबाट माथि उठेर दीर्घकालीन विकासलाई प्राथमिकता दिने साझा प्रतिबद्धता आवश्यक छ।

# नयाँ को : कांग्रेस कि गगन ?



टेकेन्द्र जोशी

'बदलियौं कांग्रेस, बदल्छौं देश' भन्ने नारासहित यतिबेला काठमाडौंमा नेपाली कांग्रेसको महाधिवेशन चलिरहेको छ। सात दशकदेखि पार्टीभित्रको सत्ता, नेतृत्व र राजनीतिक संस्कार बदल्न नसकेको कांग्रेस आज गगन थापा आउँदैमा कसरी नयाँ भयो ?

कसरी कांग्रेस बदलियो र कसरी देश बदल्छ ? सात दशकसम्म देशको शासनसत्तामा पटक-पटक पुगेको कांग्रेसले जनताको जीवन बदल्न नसक्दा अब उसले देश बदल्छ भन्ने आधार के हो ? नेतृत्व परिवर्तन हुनु र पार्टी रूपान्तरण हुनु एउटै कुरा होइन। अनुहार फेरिँदैमा विचार फेरिँदैन, पदाधिकारी बदलिँदैमा राजनीतिक संस्कार बदलिँदैन र नयाँ पुस्ताको नेता आउँदैमा पुरानो सत्ता संरचना भत्किँदैन। किनभने गगनले पनि पटक-पटक चुनाव जितेर राजकीय अवसर नपाएका होइनन्। विगतमा उनले प्राप्त गरेको भूमिकामा रहँदा उनले जनताको आधारभूत जीवन परिवर्तनका निम्ति गुणात्मक रूपले फरक र नयाँ दृष्टिकोणसहित के-के प्रयास गरे ? जनताको मनमा त्यो हिसाबकिताब छ। त्यसैले प्रश्न गगन थापा नयाँ हुन् कि पुराना भन्ने मात्र होइन, उनीसँग कांग्रेसलाई बदल्ने नयाँ विचार, नयाँ कार्यक्रम, नयाँ कार्यशैली र नयाँ राजनीतिक इच्छाशक्ति छ कि छैन भन्ने हो।

बीपी कोइरालाको ठाउँमा सुवर्ण शमशेर पार्टी सभापति भए के कांग्रेस बदलिन्थ्यो ? त्यसपछि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला हुँदै सुशील कोइराला आएपछि के कांग्रेस बदलियो ? आज शेरबहादुर देउवाको ठाउँमा त्यसरी नै गगन थापा आइपुग्दा कांग्रेस बदलिएको मानिन्छ ? होइन, केवल नेतृत्वमा अनेक अनुहार फेरिए। तर कांग्रेस फेरिएको आधारभूत रूपमा जनताले आजसम्म महसुस गर्न सकेका छैनन्।

नेतृत्वको अनुहार फेरिए पनि पार्टीभित्रको शक्ति सम्बन्ध, गुटबन्दी, नातावाद, कृपावाद, सामन्तवाद, जातिवाद र आर्थिक पहुँचको प्रभाव आजसम्म फेरिएको छैन। नयाँ पुस्ताले नेतृत्व सम्हाल्दैमा पुरानो राजनीतिक चरित्र स्वतः समाप्त हुन्छ भन्ने कुनै ग्यारेन्टी छैन।

कांग्रेसले आफूलाई लोकतन्त्रको पर्यायका रूपमा प्रस्तुत गर्दै आएको छ। तर पार्टीभित्रै लोकतान्त्रिक संस्कार कति छ ? निर्णय प्रक्रियामा सामान्य कार्यकर्ताको कति पहुँच छ ? नेतृत्व चयनमा विचार, क्षमता र जनसम्बन्धभन्दा गुट, आर्थिक शक्ति र नेताको निकटता निर्णायक बन्ने प्रवृत्ति अन्त्य भएको छ ? पार्टीभित्रै समानता र न्याय स्थापित गर्न नसक्ने राजनीतिक शक्तिले देशमा सामाजिक न्याय र समानताको प्रत्याभूति कसरी गराउन सक्छ ?

कांग्रेसको अर्को गम्भीर प्रश्न वर्गीय चरित्रसँग जोडिएको छ। पार्टीभित्र आज पनि आर्थिक रूपमा सम्पन्न, राजनीतिक पहुँच भएका र पुस्तौंदेखि सत्ताको वरिपरि रहेका परिवार तथा समूहको प्रभाव बलियो छ। सर्वहारा, श्रमिक, किसान, भूमिहीन, दलित, मधेशी, थारू, मुस्लिम, महिला तथा अन्य सीमान्तकृत समुदायका लागि नेतृत्वको ढोका कति खुला छ ? उनीहरू केवल चुनावमा मतदाता, जुलुसमा सहभागी र नेताका भाषणमा सम्झिने समुदाय हुन् कि पार्टीको नीति निर्माण र नेतृत्वमा निर्णायक भूमिका पाउने नागरिक पनि हुन्? कांग्रेसले आफूलाई सबै वर्ग र समुदायको पार्टी भन्छ भने त्यसको प्रमाण नारामा होइन, नेतृत्वको संरचना र व्यवहारमा देखिनुपर्छ। पार्टीको केन्द्रीय नेतृत्वदेखि नीति निर्माण, उम्मेदवार चयन र राज्यसत्तामा प्रतिनिधित्वसम्म सामाजिक विविधता प्रतिबिम्बित हुनुपर्छ।

समानुपातिक समावेशिता कसैलाई कृपा गरेर दिने सुविधा होइन, ऐतिहासिक बहिष्करण सच्याउने लोकतान्त्रिक दायित्व हो। तर पार्टीभित्रै शक्ति र अवसर सीमित समूहमा केन्द्रित रहँदा कांग्रेस कसरी समावेशी र नयाँ हुन सक्छ ?

सात दशकदेखि पटक-पटक राज्यसत्तामा रहेका कांग्रेसीहरूले नागरिकको जीवनभन्दा आफ्नो निजी महत्त्वाकांक्षालाई प्राथमिकता दिए। सरकारी र निजी दुवै क्षेत्रमा उनीहरूको बलियो पकड छ। शिक्षा, स्वास्थ्य, बैंक, वित्तीय संस्था, सहकारी, मेनपावर, व्यापार-व्यवसायदेखि कर्मचारीतन्त्र, अदालत र प्रहरी प्रशासनसम्म उनीहरूकै वर्चस्व देखिन्छ।

राज्य र नागरिकको दोहनबाट कैयौं नेता, कार्यकर्ता र उनीहरू निकटका व्यापारी तथा उद्योगपति नवधनाढ्य बने। तर देश र जनता गरिब हुँदै गए। शिक्षा र स्वास्थ्यको निजीकरणले नागरिकको जीवन झन् कष्टकर बनायो।

अब प्रश्न छ- गगनको नयाँ कांग्रेसले यिनै नवधनाढ्यहरूको अकुत सम्पत्तिलाई तीन करोड जनताको भविष्य निर्माणमा लगाउन सक्छ ? राज्यसत्ताको आडमा मौलाएको निहित स्वार्थ र आर्थिक वर्चस्व तोड्न सक्छ ? यदि सक्छ भने मात्र नयाँ कांग्रेस र नयाँ गगन भन्न सकिएला। अन्यथा, नयाँ बोतलमा पुरानै रक्सी हुनेछ।

बीपी कोइरालाले लोकतन्त्रलाई जनताको जीवनस्तर र आर्थिक समानतासँग जोडेर हेर्ने विचार अघि सारेका थिए। उनको समाजवादको चर्चा आज पनि कांग्रेसका भाषणमा सुनिन्छ। तर प्रश्न छ- बीपीको नाम र विचारको विरासत बोकेर हिँड्नु मात्र पर्याप्त हो, कि त्यसलाई वर्तमानको गरिबी, बेरोजगारी, असमानता, भूमिहीनता र सामाजिक विभेदसँग जोडेर व्यवहारमा उतार्नु पनि आवश्यक छ ? बीपीको तस्बिर राखेर, उनका भनाइ दोहोऱ्याएर र समाजवादको नारा लगाएर मात्र कांग्रेस बीपीको कांग्रेस हुन सक्दैन। विचारलाई व्यवहारमा रूपान्तरण गर्ने राजनीतिक साहस नै वास्तविक बीपीको कांग्रेस हुन सक्छ।

देशमा राजनीतिक परिवर्तनका विभिन्न चरणमा कांग्रेसले महत्त्वपूर्ण भूमिका खेलेको छ। तर ऐतिहासिक योगदानलाई वर्तमानका सबै कमजोरीबाट उन्मुक्ति पाउने प्रमाणपत्र बनाउन मिल्दैन। राणा शासनको अन्त्य, बहुदलीय व्यवस्थाको पुनःस्थापना र लोकतान्त्रिक अधिकारको संघर्षमा खेलेको भूमिका आफ्नो ठाउँमा छ। तर ती उपलब्धिको इतिहास देखाएर आजका जनताका प्रश्नबाट भाग्न मिल्दैन। इतिहासले सम्मान दिलाउन सक्छ। तर भविष्यको नेतृत्व गर्ने अधिकार वर्तमानको कार्यसम्पादनले मात्र सुनिश्चित गर्छ।

आजको पुस्ताले रोजगारी, गुणस्तरीय शिक्षा, सहज स्वास्थ्य सेवा, भ्रष्टाचारमुक्त शासन, सामाजिक सुरक्षा र सम्मानजनक जीवन खोजिरहेको छ। युवाहरू देशमै भविष्य देख्न चाहन्छन्। किसान उत्पादनको उचित मूल्य खोजिरहेका छन्। श्रमिक आफ्नो श्रमको सम्मान र सुरक्षाको माग गरिरहेका छन्। दलित र सीमान्तकृत समुदाय जातीय विभेदबाट मुक्ति चाहन्छन्। महिलाहरू केवल सहभागिता होइन, निर्णय गर्ने वास्तविक अधिकार खोजिरहेका छन्। मधेशी, थारू, मुस्लिम तथा अन्य बहिष्कृत समुदाय राज्यका निकायमा आफ्नो अर्थपूर्ण उपस्थिति र समान नागरिक हैसियत चाहन्छन्। यी प्रश्नको ठोस उत्तरबिना 'बदल्छौं देश' भन्ने नारा केवल चुनावी आकर्षणमा सीमित हुन्छ।

गगन थापाले कांग्रेस बदल्ने दाबी गर्छन् भने उनले सबैभन्दा पहिले पार्टीभित्रको पुरानो सत्ता संस्कारसँग संघर्ष गर्नुपर्छ। नेतृत्वमा पुगेपछि पुराना नेताको ठाउँ लिनु मात्र होइन, नेतृत्व निर्माण गर्ने पुरानै विधि बदल्नुपर्छ। गुटबन्दीको सट्टा विचार, आर्थिक शक्तिको सट्टा क्षमता, नातावादको सट्टा योग्यता र सीमित समूहको वर्चस्वको सट्टा समावेशी प्रतिनिधित्व स्थापित गर्नुपर्छ। पार्टीको आर्थिक पारदर्शिता, आन्तरिक लोकतन्त्र, नेतृत्वको जवाफदेहिता र नीतिगत स्पष्टतामा देखिने परिवर्तनले मात्र नयाँपन प्रमाणित गर्न सक्छ।

त्यस्तै, कांग्रेसले आफूले विगतमा गरेका गल्तीको समीक्षा गर्नुपर्छ। सत्तामा हुँदा गरिएका निर्णय, भ्रष्टाचारका आरोप, सार्वजनिक संस्थाको राजनीतिकरण, सुशासनमा देखिएका कमजोरी र जनताका अपेक्षा पूरा गर्न नसकेका प्रसङ्गमा स्पष्ट जवाफ दिनुपर्छ। गल्ती स्वीकार्नु कमजोरी होइन, सुधारको पहिलो सर्त हो। तर विगतको समीक्षा नगरी, असफलताको जिम्मेवारी नलिई र पुरानै राजनीतिक पात्र तथा प्रवृत्तिलाई निरन्तरता दिएर नयाँ कांग्रेस निर्माण हुँदैन।

सबैभन्दा महत्त्वपूर्ण कुरा, कांग्रेसले देश बदल्ने हो भने राज्य र समाजलाई हेर्ने आफ्नो दृष्टिकोण बदल्नुपर्छ। लोकतन्त्र केवल निर्वाचन जित्ने व्यवस्था होइन, यो जनताको जीवनमा समान अवसर, न्याय, स्वतन्त्रता र सम्मान सुनिश्चित गर्ने प्रणाली हो। बहुमतको सरकार बनाउनु मात्र लोकतन्त्रको सफलता होइन, अल्पमतमा रहेका र ऐतिहासिक रूपमा पछाडि पारिएका समुदायले पनि राज्यमा आफ्नो स्वामित्व महसुस गर्न पाउनु यसको वास्तविक सफलता हो। सामाजिक न्याय र समानुपातिक समावेशिताबिनाको लोकतन्त्र राजनीतिक प्रतिस्पर्धामा सीमित हुन्छ।

त्यसैले आज तीन करोड जनताले फेरि कांग्रेसलाई नयाँ भनिदिनुपर्ने किन ? जनताले नै पार्टीको रूपान्तरणको प्रमाणपत्र जारी गरिदिनुपर्ने हो ? सात दशकसम्म जनताले कांग्रेसलाई साथ दिँदै, उसलाई सत्तामा पुऱ्याउँदै र उसका वाचामाथि विश्वास गर्दै आए। अब फेरि अर्को सात दशक पुरानै राजनीतिक संस्कारको भार जनताले बोकिरहनुपर्ने हो ? जनताको धैर्यको पनि सीमा हुन्छ। उनीहरूलाई नयाँ नारा होइन, नयाँ परिणाम चाहिएको छ; नयाँ अनुहार होइन, नयाँ राजनीतिक चरित्र चाहिएको छ।

गगन थापाको नेतृत्वमा कांग्रेस साँच्चै बदलिन्छ कि बदलिँदैन भन्ने निर्णय उनको उमेर, भाषण वा लोकप्रियताले गर्नेछैन। पार्टीभित्रको सत्ता संरचना कति बदलियो, सामाजिक न्यायका लागि के गरियो, सीमान्तकृत समुदायले कति अधिकार पाए, भ्रष्टाचार र नातावादविरुद्ध कति कदम चालियो, युवाका लागि कति अवसर सिर्जना भए र जनताको जीवनमा कस्तो सुधार आयो भन्ने कुराले गर्नेछ।

अन्ततः कांग्रेस नयाँ भएको घोषणा कांग्रेस आफैंले गरेर हुँदैन, त्यसको प्रमाण जनताले आफ्नो जीवनमा महसुस गर्नुपर्छ। गगन आउनु नेतृत्व परिवर्तन हो, कांग्रेस बदलिनु राजनीतिक रूपान्तरण हो। यी दुईबीचको दूरी नघटेसम्म 'बदलियौं कांग्रेस, बदल्छौं देश' भन्ने नारा प्रश्नकै घेरामा रहनेछ, पुष्टि हुने छैन। त्यसैले मूल प्रश्न अझै उही छ- गगन आए, तर कांग्रेसको विचार, चरित्र, वर्गीय आधार र राजनीतिक संस्कार के बदलियो ? यदि युगअनुसार कांग्रेस बदलिएन भने फेरि पनि पुरानो दल र अहिलेको सत्ताधारी दलको विकल्पमा मुलुकले अर्को वैकल्पिक राजनीतिक शक्तिको रूपमा तेस्रो ध्रुवको खोजीको महसुस गर्ने निश्चित छ। *साभार: अनलाइनखबरडटकम*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।

मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# झिझिया : आस्था, संस्कृति र बदलिँदो चेतना



कैलाश दास



मिथिलामा लोकनृत्य झिझियाको आफ्नै महत्व छ । ग्रामिण क्षेत्रमा वडा दशैंको घटस्थापनादेखि पूर्णिमासम्म गाउँबस्तीमा गुञ्जिने झिझियाका गीतले कुनै समय मिथिलाको रातलाई जीवन्त बनाउँथे । तर, समयको प्रवाहसँगै यो मौलिक लोकनृत्य ग्रामीण क्षेत्रबाट क्रमशः हराउँदै गएको छ । सहरमा यसको प्रदर्शन बढे पनि परम्परागत स्वरूप भने संकटमा पर्दै गएको छ ।

संस्कृतिविद् तथा वरिष्ठ साहित्यकार रामभरोस कापडि भ्रमरका अनुसार छैटौंदेखि एघारौं शताब्दीसम्म तान्त्रिक परम्पराको प्रभाव रहेको मानिने समयसँग झिझिया नृत्यको सुरुआत जोडिएको छ । यसको ऐतिहासिक तथा सामाजिक महत्त्व रहेको उनी बताउँछन् । लोकविश्वासअनुसार, बालबालिकालाई टुनामुना र कथित बोक्सीको प्रभावबाट जोगाउन महिलाहरूले देवीको उपासनासँग जोडेर यो नृत्य सुरु गरेका थिए । आफ्ना सन्तानको सुस्वास्थ्य, दीर्घायु र परिवारको कल्याणको कामना नै यसको मूल भावनाका रूपमा रहेको छ ।

झिझिया नृत्यको दृश्य आफैँमा अनौठो र आकर्षक हुन्छ । नयाँ माटोको घैँटोलाई सफा गरी त्यसमा असंख्य प्वाल बनाइन्छ । घैँटोभित्र दीप राखेर टाउकोमा अड्याइन्छ । आगोको उज्यालो छरपस्ट पार्दै महिलाहरू गीतको तालमा नाच्छन् । हातको सहाराबिना



टाउकोमा घैँटो सन्तुलनमा राखेर नाच्नु उनीहरूको कला, धैर्य र साहसको परिचायक हो ।

परम्परागत रूपमा पाँचदेखि पन्ध्र जनासम्मका महिलाको समूहले झिझिया नृत्य प्रस्तुत गर्ने चलन थियो । समूहकी एक वा दुई महिलाले टाउकोमा घैँटो राखेर नाच्थे भने अन्य महिलाहरूले सामूहिक रूपमा गीत गाउँथे । नृत्य सुरु गर्नुअघि घैँटोलाई मन्त्रद्वारा सिद्ध गराउने र गाउँको ब्रह्मस्थान अर्थात् डिहबारमा पूजा गर्ने प्रचलन पनि रहेको थियो । त्यसपछि गाउँका घरघरमा पुगेर नृत्य प्रस्तुत गरिन्थ्यो । घरपरिवारबाट अन्न, तेल र रकम संङ्कलन गरी धार्मिक अनुष्ठान पूरा गर्ने परम्पराले समुदायबीच सहकार्य र सद्भावको सम्बन्धलाई बलियो बनाउँथ्यो ।

झिझियासँग जोडिएका गीतमा देवी दुर्गाको स्तुति गरिनुका साथै कथित बोक्सीलाई गाली गर्ने र चुनौती दिने भावसमेत पाइन्छ । घैँटाका प्वाल गन्न नसक्ने र त्यसो गर्न खोज्नेको तान्त्रिक शक्ति नष्ट हुने जनविश्वास यस नृत्यसँग जोडिएको छ । यद्यपि यस्ता विश्वासको वैज्ञानिक पुष्टि छैन, तर तिनले विगतको समाजमा व्याप्त भय, असुरक्षा र धार्मिक चेतनाको अवस्थालाई प्रतिबिम्बित गर्छन् ।

झिझिया नृत्यको सांस्कृतिक महत्त्वसँगै यसको सामाजिक सन्देशबारे बहस पनि आवश्यक छ । नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य राजेश कर्णका अनुसार झिझियाका गीत र नृत्यले समाजमा बोक्सी तथा धामीसम्बन्धी अन्धविश्वासलाई स्थापित गर्न सक्ने आलोचना पनि गर्दै छन् । उनका अनुसार लोकसंस्कृतिको संरक्षणका नाममा अन्धविश्वासलाई प्रोत्साहन गर्नुको सट्टा समाजमा वैज्ञानिक चेतना, मानवअधिकार र सकारात्मक सोच फैलाउनुपर्छ ।

उनको चिन्ता निराधार मान्न सकिँदैन । बोक्सीको आरोपमा महिलामाथि हुने अपमान, यातना र अमानवीय व्यवहार अझै पूर्ण रूपमा अन्त्य भएको छैन । यस्तो अवस्थामा कुनै पनि सांस्कृतिक प्रस्तुतिले कथित बोक्सीको अस्तित्वलाई वास्तविकताका रूपमा स्थापित गर्ने वा महिलाविरुद्धको विभेदलाई मलजल गर्ने अवस्था आउन दिनु हुँदैन । संस्कृति समाजको पहिचान हो, तर संस्कृति भएकै कारण हरेक मान्यता आलोचनाभन्दा माथि रहन सक्दैन । कुनै समय समाजले स्वीकारेका कतिपय अमानवीय प्रथालाई परिवर्तन गरिएको इतिहासले पनि यही कुरा पुष्टि गर्छ ।

तर, झिझियालाई अन्धविश्वाससँग मात्र जोडेर यसको सम्पूर्ण सांस्कृतिक मूल्य अस्वीकार गर्नु पनि उचित हुँदैन । यस नृत्यमा महिलाको सामूहिक सहभागिता, कलात्मक अभिव्यक्ति, लोकगीत, माटोको शिल्प, सामुदायिक सहयोग र देवीप्रतिको आस्था जस्ता पक्ष पनि समेटिएका छन् । झिझियामा प्रयोग हुने घैँटो र दीपलाई शरीर तथा चेतनाको प्रतीकका रूपमा व्याख्या गर्ने परम्परा पनि छ । घरघरबाट तेल सङ्कलन गरी दीप प्रज्वलित गर्ने चलनलाई सामूहिक सहयोगबाट चेतनाको ज्योति फैलाउने सन्देशका रूपमा लिन सकिन्छ ।

यसर्थ, यसको संरक्षण गर्दा सांस्कृतिक सम्पदाको मौलिकता र समाज सुधारको आवश्यकताबीच सन्तुलन कायम गर्नुपर्छ । अन्धविश्वासलाई बढावा दिने शब्द र प्रस्तुतिलाई समयानुकूल परिमार्जन गर्दै लोकगीत, नृत्यशैली, वेशभूषा, वाद्यवादन र सामूहिक सहभागितालाई जीवन्त राख्न सकिन्छ। यसले परम्पराको संरक्षणसँगै नयाँ पुस्तालाई सकारात्मक सन्देश दिन पनि सहयोग पुऱ्याउँछ ।

### *हराउँदै गएको मौलिकता*

ग्रामीण क्षेत्रमा झिझिया नृत्य हराउँदै जानुका पछाडि परम्परागत गीत गाउने महिलाको अभाव, नयाँ पुस्ताको घट्दो रुचि, अनुष्ठान सञ्चालनमा कठिनाइ र व्यवस्थापनको कमी जस्ता कारण छन् । अर्कोतर्फ, सहरमा यसले मञ्चीय तथा व्यावसायिक रूप लिन थालेको छ । यसले नृत्यलाई व्यापक पहिचान दिलाउने सम्भावना बढाए पनि परम्परागत विधि, सामूहिक सहभागिता र मौलिक प्रस्तुतिलाई कमजोर बनाउने जोखिम पनि छ ।

स्थानीय सरकारहरूले दसैँका अवसरमा झिझिया नृत्य आयोजना गर्नु सकारात्मक प्रयास हो। तर, वर्षमा एकपटक मञ्चमा नचाएर मात्र लोकसंस्कृतिको संरक्षण सम्भव हुँदैन। पुराना गीत र धुनको अभिलेखीकरण, अनुभवी कलाकारबाट नयाँ पुस्तालाई प्रशिक्षण, विद्यालयस्तरमा मिथिलाको लोकसंस्कृतिबारे अध्ययन तथा स्थानीय कलाकारलाई प्रोत्साहन आवश्यक छ। साथै, झिझियासँग जोडिएका सामाजिक विश्वासको विवेकपूर्ण व्याख्या गर्दै बोक्सीको आरोप र महिलामाथिको हिंसाविरुद्ध जनचेतना फैलाउनुपर्छ ।

झिझिया केवल टाउकोमा आगो बोकेर नाचिने नृत्य होइन; यो मिथिलाको सांस्कृतिक स्मृति, नारीको सामूहिक शक्ति र समुदायको साझा जीवनको कथा पनि हो । यसको दीप निभ्न नदिनु आवश्यक छ, तर त्यो दीपले अन्धविश्वासको अँध्यारो होइन, चेतना र सद्भावको उज्यालो फैलाउनुपर्छ। परम्परालाई जस्ताको तस्तै दोहोऱ्याउनु मात्र संरक्षण होइन; त्यसका जीवन्त र मानवीय पक्षलाई जोगाउँदै समयअनुकूल रूपान्तरण गर्नु नै साँचो सांस्कृतिक संरक्षण हो ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

# मटिहानीका ४० जनालाई ह्वीलचेयर

दैनिक समाचारदाता
महोत्तरी, २६ असोज । महोत्तरीको मटिहानी नगरपालिकाले अपाङ्गता भएका व्यक्तिहरूको सहज आवागमन र दैनिक जीवनयापनमा सहयोग पुऱ्याउने उद्देश्यले ह्वीलचेयर वितरण कार्यक्रम सुरु गरेको छ ।

नगरपालिकामा आयोजित एक कार्यक्रमबीच नगर प्रमुख हरिप्रसाद मण्डलले ह्वीलचेयर वितरण कार्यक्रमको शुभारम्भ गरेका हुन् ।

स्वास्थ्य कार्यालय महोत्तरीबाट प्राप्त ह्वीलचेयर नगरपालिकाभित्रका ४० जना शारीरिक अपाङ्गता भएका व्यक्तिलाई वितरण गरिने स्वास्थ्य शाखा प्रमुख पवनकुमार मण्डलले जानकारी दिए ।



ह्वीलचेयरको अभावमा आवतजावत गर्न कठिनाइ भोगिरहेका व्यक्तिहरूलाई यस कार्यक्रमबाट राहत पुग्ने अपेक्षा गरिएको छ । ह्वीलचेयरको सहायताले दैनिक गतिविधि सहज हुनुका साथै अपाङ्गता भएका व्यक्तिहरूको आत्मनिर्भरता र सामाजिक सहभागिता बढाउनसमेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

स्वास्थ्य कार्यालय महोत्तरीको सहयोग तथा मटिहानी नगरपालिकाको समन्वयमा सञ्चालित कार्यक्रममा मटिहानी स्वास्थ्य चौकीका मेडिकल अधिकृत कृष्णकुमार परियार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख दीपा दास, सूचना तथा प्रविधि अधिकृत जयकुमार यादव, सि.अ.हे.व. अधिकृत नागेश्वर पाण्डे, जनस्वास्थ्य अधिकृत स्मृतिलगायत स्थानीयवासीहरूको उपस्थिति रहेको थियो ।

नगरपालिकाले सञ्चालन गरेको यस कार्यक्रमले अपाङ्गता भएका व्यक्तिहरूको गतिशीलता अभिवृद्धि गर्दै उनीहरूलाई दैनिक जीवनमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

# नवरात्रको दोस्रो दिन ब्रह्मचारिणी देवीको पूजा

दैनिक समाचारदाता
जनकपुरधाम २६ असोज । बडादसैँअन्तर्गत नवरात्रको दोस्रो दिन सोमबार नवदुर्गामध्येकी दोस्रो देवी ब्रह्मचारिणीको विधिपूर्वक पूजा आराधना गरिएको छ । आश्विन शुक्ल द्वितीयाका दिन दसैँघर तथा पूजा कोठामा देवीको आह्वान गरी वैदिक विधिअनुसार पूजा गरिएको हो । नवरात्रको पहिलो दिन आइतबार घटस्थापना गरी जौको जमरा राखिएको थियो ।



सोही दिन नवदुर्गाकी पहिलो देवी शैलपुत्रीको आह्वान गरी पूजा आराधना गरिएको थियो ।

नवरात्रको दोस्रो दिन ब्रह्मचारिणी देवीको पूजा गरिन्छ । धार्मिक मान्यताअनुसार ब्रह्मचारिणी देवी तपस्या, त्याग, संयम र साधनाकी प्रतीक हुन् । उनको आराधनाले भक्तजनमा धैर्य, आत्मबल र साधनाप्रतिको निष्ठा बढ्ने विश्वास गरिन्छ ।

नवरात्रका नौ दिन घटस्थापना गरिएको स्थानमा दुर्गा सप्तशती (चण्डी), श्रीमद्देवीभागवतलगायत देवी स्तोत्रको पाठ गर्ने परम्परा छ । वैदिक सनातन धर्मावलम्बीले आश्विन शुक्ल प्रतिपदादेखि नवमीसम्म दुर्गा देवीको विशेष पूजा आराधना गर्छन् ।

धार्मिक विश्वासअनुसार नवरात्रमा देवीको आराधना गर्नाले शक्ति, ऐश्वर्य र विद्याको प्राप्ति हुन्छ । यस अवधिमा देशभरका शक्तिपीठ तथा देवी मन्दिरमा पूजाआजा र दर्शनका लागि भक्तजनको घुइँचो लाग्ने गर्छ । नवरात्रका नौ दिनसम्म विधिपूर्वक पूजा गरी अर्पण गरिएको प्रसाद तथा जमरा विजयादशमीदेखि कोजाग्रत पूर्णिमासम्म ग्रहण गर्ने परम्परा छ । बडादसैँको धार्मिक तथा सांस्कृतिक महत्त्वसँग जोडिएको नवरात्रले आस्था, साधना र पारिवारिक एकताको सन्देशसमेत प्रवाह गर्दै आएको छ ।

## सोनामाईमा......

रहेको सोनामाई मन्दिरमा दैनिक पूजापाठ र आरती हुँदै आएको छ । मन्दिरको पूर्वाधार विकास, संरक्षण तथा प्रचारप्रसारमा जोड दिन सके सोनामाई शक्तिपीठलाई धार्मिक पर्यटनको महत्त्वपूर्ण गन्तव्यका रूपमा विकास गर्न सकिने स्थानीयवासीको भनाइ छ ।

धार्मिक आस्था, परम्परा र जनविश्वाससँग जोडिएको सोनामाईको भूत मेलाले मिथिला क्षेत्रको सांस्कृतिक पहिचानलाई समेत उजागर गर्दै आएको छ ।

## ध्वनि.....

लापरबाहीपूर्ण ढङ्गले सवारी चलाउँदा दुर्घटनाको जोखिम बढ्न सक्ने भएकाले प्रहरीले ट्राफिक व्यवस्थापन र सडक सुरक्षासम्बन्धी निगरानीलाई तीव्र बनाएको हो ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले ट्राफिक नियमको पूर्ण पालना गरी सवारीसाधन चलाउन जिल्लावासीलाई आग्रह गरेका छन् । सडक दुर्घटनाबाट हुन सक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न प्रहरीको अभियानमा सहयोग गर्नसमेत उनले अनुरोध गरेका छन् ।

प्रहरीले चाडपर्वका बेला तीव्र गति, ध्वनि प्रदूषण, मादक पदार्थ सेवन गरी सवारी चलाउने तथा ट्राफिक नियम उल्लङ्घन गर्ने गतिविधिबाट टाढा रहन सर्वसाधारणलाई सचेत गराएको छ । सुरक्षित यात्रा सुनिश्चित गर्न सवारी चालकले नियमको पालना गर्नुपर्नेमा प्रहरीले जोड दिएको छ ।

# २० हजारलाई सर्पले टोक्ने तथ्याङ्क, समयमै उपचार र जनचेतना फैलाउन जोड

दैनिक समाचारदाता
सप्तरी, २६ असोज । नेपालमा हरेक वर्ष करिब २० हजार मानिसलाई सर्पले टोक्ने गरेको र तीमध्ये करिब एक हजार जनाको मृत्यु हुने गरेको तथ्याङ्क प्रस्तुत गरिएको छ । सर्पदंशबाट हुने मृत्यु न्यूनीकरणका लागि समयमै उपचार, जनचेतना र स्वास्थ्य सेवामा सहज पहुँच आवश्यक रहेकोमा स्वास्थ्यकर्मीहरूले जोड दिएका छन् ।सप्तरीको राजविराजमा सोमबार फेयरमेडको साझेदारीमा सञ्चालित सङ्कल्प परियोजनाअन्तर्गत सबल नेपालले आयोजना गरेको उपेक्षित उष्णप्रदेशीय रोग (एनटीडी) सम्बन्धी सञ्चारकर्मीसँगको एकदिने अन्तरक्रिया कार्यक्रममा यस्तो तथ्याङ्क प्रस्तुत गरिएको हो ।

विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्क प्रस्तुत गर्दै जनस्वास्थ्यकर्मी कैलाश खाकी श्रेष्ठले नेपालमा सर्पदंशबाट हरेक वर्ष करिब एक हजार जनाको मृत्यु हुने गरेको बताए । उनका अनुसार मृत्यु न्यूनीकरण गर्न सर्पदंशको समयमै उपचार, विषालु सर्पको पहिचान तथा सर्पदंशबाट बच्ने उपायबारे समुदायस्तरमा सचेतना फैलाउन आवश्यक छ ।

नेपालमा पाइने ८९ प्रजातिका सर्पमध्ये १७ प्रजाति विषालु रहेको उल्लेख गर्दै श्रेष्ठले सर्पले टोकेमा झारफुकमा समय खेर नफाली तत्काल नजिकको स्वास्थ्य संस्था वा सर्पदंश उपचार केन्द्रमा लैजान आग्रह गरे ।

"सर्पले टोक्दैमा ज्यानै जाँदैन । धैर्यपूर्वक सर्पदंश उपचार केन्द्रमा गएर समयमै उपचार गराए ज्यान जोगाउन सकिन्छ," उनले भने ।

कार्यक्रममा फेयरमेडकी वरिष्ठ चिकित्सा अधिकृत रुषा उपाध्यायले सप्तरीका छ स्थानीय तहमा उपेक्षित उष्णप्रदेशीय रोगको पहिचान, उपचार तथा रोकथामका लागि कार्यक्रम सञ्चालन भइरहेको जानकारी दिइन् ।उनका अनुसार हनुमाननगर कंकालिनी नगरपालिका तथा विष्णुपुर, तिरहुत, तिलाठी कोइलाडी, छिन्नमस्ता र राजगढ गाउँपालिकामा सञ्चालित परियोजनाले रोगीको खोजी, उपचारमा सहजीकरण तथा रोगबाट बच्ने उपायबारे समुदायमा सचेतना फैलाउने काम गरिरहेको छ ।

परियोजनाले कुष्ठरोग, सर्पदंश, हात्तीपाइले, लुतो, माटोबाट सर्ने जुका, रेबिज, कालाजार, डेङ्गु, फित्तेजुका, खस्रेरोग र माइसेटोमासहित ११ प्रकारका रोगलाई प्राथमिकतामा राखेको उपाध्यायले बताइन् । तराई क्षेत्रमा यस्ता रोगको जोखिम बढी रहेकाले लक्षित समुदायमा रोग पहिचान, उपचार र रोकथामका गतिविधि सञ्चालन गरिएको उनको भनाइ थियो ।

विश्वका १४९ देशमा उपेक्षित उष्णप्रदेशीय रोग देखिएको उल्लेख गर्दै उपाध्यायले गरिबी, कमजोर सरसफाइ र स्वास्थ्य सेवामा सीमित पहुँचका कारण यस्ता रोगको जोखिम बढ्ने गरेको बताइन् । रोगको समयमै पहिचान र उपचारसँगै वातावरणीय सरसफाइमा ध्यान दिन सके जोखिम न्यूनीकरण गर्न सकिने उनले उल्लेख गरिन् ।

अन्तरक्रिया कार्यक्रममा सङ्कल्प परियोजनाको परिचय र उद्देश्यबारे सबल नेपालका अशोक साह तथा परियोजना संयोजक रोहित उरावले जानकारी दिएका थिए । कार्यक्रममा उपेक्षित उष्णप्रदेशीय रोगको अवस्था, रोकथाम, उपचार तथा समुदायमा जनचेतना फैलाउन सञ्चारमाध्यमले खेल्न सक्ने भूमिकाबारे छलफल गरिएको थियो ।

## भूमि प्रशासन कार्यालय, जनकपुरधाम, धनुषाबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सूचना

यसमा निवेदक जिल्ला धनुषा गा.वि.स. चक्कर वडा नं. ७ हाल औरही गाउँपालिका वडा नं. ५ मा बस्ने वैद्यनाथ मण्डल केवटको बुहारी राम कृपाल अधिकारीकी पत्नी सरस्वती कुमारी मण्डलले मेरो नाउँमा दर्ता रहेको जिल्ला धनुषा गा.वि.स. चक्कर वडा नं. १ सिट नं. १४४५-१५-२ कित्ता नं. २ क्षेत्रफल ४६.७० वर्गमिटर जग्गाको मोठ श्रेस्ता फेला नपरेकोले स्रेस्ता कायम गरी पाउँ भनी दर्ता नं. ३६७६ मिति २०८३/०५/३० को माग निवेदन गरेकोले, श्रेस्ता कायम गर्ने सम्बन्धमा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशन गर्ने भनी मिति २०८३/०६/१९ गतेको आदेशानुसार यो हकदावी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः तपसिलमा उल्लेखित जग्गाहरू निवेदकको नाउँमा जग्गाधनी दर्ता श्रेस्ता कायम गर्दा निवेदक बाहेक अन्य कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा सरकारी, सार्वजनिक जग्गाको हानी नोक्सानी हुने भए वा यी निवेदकहरू बाहेक अन्य केही व्यक्तिको हक लाग्ने जग्गा भएको भए, यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र आफूसँग भएको सबूत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गा दावी उजुरी गर्न यस कार्यालयमा आउनु होला ।
सूचनाको म्यादभित्र दावी-उजुरी नपरी म्याद समाप्त भएमा कानुन वमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सूचित गरिएको छ ।

**तपशिल**

| जग्गाधनी | जिल्ला | गा.वि.स. | वडा नं./सिट नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| सरस्वती कुमार मण्डल<br>वतनः जिल्ला धनुषा गा.वि.स. चक्कर वडा नं. ७ हाल औरही गा.पा.वडा नं. ५<br>पति : राम कृपाल अधिकारी<br>ससुरा : वैद्यनाथ मण्डल | धनुषा | चक्कर | १/१७०-१४४५-१४-२ | २ | ४६.७० वर्गमिटर | मोठ स्रेस्ता फेला नपरेकोले जग्गाधनी दर्ता स्रेस्ता कायम गर्नुपर्ने । |

ईति सम्वत् २०८३ साल असोज २२ गते रोज ५ शुभम्

अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४